म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २१७ मंगलबार, १ चैत २०७८ द्वादशी ने. सं. ११४२ चिल्लाथ्व 15 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राक्सिराङका चेपाङको निःशुल्क उपचार

हेटौंडा, ३० फागुन/ मकवानपुरको राक्सिराङ गाउँपालिकाका १३ जना विपन्न चेपाङको निःशुल्करुपमा आँखाको परीक्षण गरिएको छ ।

गाउँपालिकाको पहलमा १३ जनाको आँखाको उपचार गरिएकोमा ७ जनाको मोतियाबिन्दुको शल्यक्रियासमेत गरिएको छ । एक वर्षअघि गाउँपालिकाको संयोजनमा स्वास्थ्य शिविर सञ्चालन हुँदा ९८ जनाको आँखा परीक्षण गरिएको थियो । तीमध्ये मोतियाबिन्दु भएका १३ जनाको उपचार गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए ।

उनीहरुलाई गाउँपालिकाले अस्पतालसम्म ल्याउने, बस्ने र लैजाने व्यवस्था गरेर आँखाको उपचार गरिदिएको उनले बताए । विपन्न चेपाङसँगै एकसय ६३ जना मकवानपुर र बारा जिल्लाका आँखाका बिरामीको उपचार गरिएको हेटौंडा सामुदायिक आँखा अस्पतालका बरिष्ठ प्रशासकिय अधिकृत सुधीरभद्र श्रेष्ठले जानकारी दिए ।

# सुरुङमार्ग र विद्युतीय बस योजना स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ वागमती प्रदेश सरकारले प्रदेशको गौरबको आयोजनाको रुपमा रहेको भीमफेदी-कुलेखानी सुरुङमार्ग र विद्युतीय बस खरिद कार्यक्रम स्थगित गरेको छ ।



सरकारले हालसम्म करिब साढे एक करोड खर्च गरिसकेको बहुप्रतिक्षित भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण र विद्युतीय बस खरिद कार्य स्थगित गरेको हो । एमाले नेतृत्वको अघिल्लो सरकारले गौरबको आयोजनामा राखेको भीमफेदी-कुलेखानी सुरुङमार्गको औचित्य नभएको र उपयुक्त सडक सञ्जाल निर्माण भइनसकेको भन्दै विद्युतीय बस खरिद कार्यक्रमलाई राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको गठबन्धन सरकारले स्थगित गरेको हो । मुख्यमन्त्री पाण्डेले सरकारमा आएलगतै सुरुङमार्ग र विद्युतीय बस खरिद प्रक्रिया रोकेका थिए ।

प्रक्रिया रोकेपनि पाण्डेले स्थगित भने गरेका थिएनन् । एमाले सरकारको गौरबको आयोजना रोकेको भन्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले ८ पुसदेखि प्रदेशसभा बैठक बस्न दिएको थिएन । एमालेको अवरोधकै बाबजुद दुई योजना स्थगित गरेको जानकारी शनिबार बसेको प्रदेशसभा बैठकमा सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले दिएका थिए । प्रदेशसभा बैठकमा सम्बोधन गर्दै उनले योजना कार्यान्वयन गर्न नसक्ने बताएका हुन् ।

### एउटा स्थगित गरेर तीन वटा सुरुङमार्ग बनाउँदै

करिब साढे एक करोड खर्च भइसकेको सुरुङमार्ग निर्माण कार्य स्थगित गरेको बागमती प्रदेश सरकारले ३ वटा सुरुङमार्ग निर्माण गर्ने तयारी गरेको छ ।

सरकारले आफ्नो न्यूनतम साझा कार्यक्रममा नै ३ वटा सुरुङमार्ग निर्माण योजनालाई समावेश गरेको छ । अघिल्लो सरकारको गौरबको आयोजनामा रहेको भीमफेदी-कुलेखानी सुरुङमार्ग स्थगित गरेको सरकारले नयाँ ३ वटा सुरुङमार्गलाई प्रदेशको गौरबको आयोजना राखेको हो । वर्तमान गठबन्धन नेतृत्वको प्रदेश सरकारले चोभार-हेटौंडा, सिन्धुलीमा खुर्कोट-चियाबारी सुरुङमार्ग र धादिङ र चितवनलाई जोड्न गरी हुग्दिखोला-शक्तिखोर सुरुङमार्ग निर्माण गर्ने भएको छ । प्रदेश सरकारले निर्माण गर्न लागेको दुईवटा सुरुङमार्गको केन्द्रीय सडक डिभिजनले सम्भाव्यता अध्ययन गरिरहेको छ भने एउटा सुरुङमार्गको प्रदेश सरकार आफैले अध्ययन गर्ने तयारी गरेको जनाइएको छ ।

भौतिक पूर्वाधार मन्त्रालयका प्रवक्ता नविन सिंहले चोभार-हेटौंडा र खुर्कोट-चियाबारी सुरुङमार्गको केन्द्रको सडक डिभिजनले सम्भाव्यता अध्ययन गरिरहेको बताए । उनको अनुसार हुग्दिखोला-शक्तिखोर सुरुङमार्ग निर्माणको लागि प्रदेश सरकार आफैंले सम्भाव्यता अध्ययन गर्ने तयारी गरेको हो । उनले सरकारले चालू आव २०७८/०७९ मा ३ वटा सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्नको लागि करिब ६० लाख रुपियाँ बजेट विनियोजन गरेको छ ।

सरकारले निर्माण गर्न लागेको सुरुङमार्ग निर्माण खर्च, यसको लम्बाई तथा बनावटको बारेमा बिस्तृतरुपमा सम्भाव्यता अध्ययन पश्चात्मात्रै थाहा हुने उनले बताए । प्रदेश सरकारले स्थगित गरेको भीमफेदी-कुलेखानी सुरुङमार्गमा हालसम्म एककरोड ३८ लाख ५५ हजार रुपियाँ खर्च भइसकेको छ । तत्कालीन मुख्यमन्त्री पौडेलले भीमफेदी-कुलेखानी सुरुङमार्ग निमार्ण कार्यलाई अघिल्लो आर्थिक वर्ष २०७६/०७७ बाट प्रदेशको योजना र बजेटमा राख्दै आएका थिए । प्रदेशकै गौरबको आयोजनाको रुपमा राखिएको सुरुङमार्ग निर्माणका लागि पौडेलले पहिलो वर्ष सुरुङमार्गको डीपीआर बनाउन एककरोड ३० लाख रुपियाँ खर्चिएका थिए ।

सुरुङमार्ग बनाउनको लागि पूर्वमुख्यमन्त्री पौडेलले पहिलो वर्षमा नै डीपीआर बनाउन एककरोड ३० लाख रुपियाँ खर्चिएको भएपनि दोस्रो वर्षको बजेट फ्रिज भएको थियो । गत आर्थिक वर्ष ०७७/७८ मा प्रदेश सरकारले यो आयोजनाका लागि विनियोजन गरेको १ अर्ब रुपियाँ खर्च हुन नसकेपछि फ्रिज भएको हो ।

सुरुङमार्गको लागि छुट्याएको बजेट अन्य निर्माण कार्यमा खर्च गरेपनि करिब ३५ करोड रुपियाँ भने फ्रिज भएको थियो । प्रदेश सरकारले चालू आवमा पनि उक्त आयोजनाका लागि ७५ करोड रुपियाँ बजेट बिनियोजन गरेको छ । तर, चालू आवमा पनि सुरुङमार्ग निर्माण कार्य सुरु हुन नसकेपनि यस आयोजनको लागि प्रदेश सरकारको ढुकुटीबाट आठलाख ५५ हजार रुपियाँ खर्च भने भएको छ । प्रदेश सरकारले स्थापना गरेको सुरुङ आयोजनाका कर्मचारीको तलब भत्तामा आठलाख ५५ हजार रुपियाँ खर्च भएको भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता सिंहले जानकारी दिए । उनले सुरुङमार्ग निर्माण कार्य नहुने भएपछि साढे एककरोड खर्चिएर बनाइएको डीपीआर अभिलेखको रुपमा राखिने बताए । 'अहिलेको सरकारले नबनाएपनि पछि आउने अन्य सरकारले यहि सुरुङमार्ग बनाउछु भन्न सक्छन् । त्यसैले यसलाई अभिलेखको रुपमा पछिको लागि सुरक्षित र राखिन्छ', उनले भने ।

# टीसीएनमा बस टर्मिनल निर्माण धमाधम

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ हेटौंडा उपमहानगरपालिका कार्यालयले टीसीएन क्षेत्रमा सुविधा सम्पन्न बस टर्मिनल निर्माण धमाधम गरिरहेको छ ।

हेटौंडा-१० टीसीएन क्षेत्रमा वहुवर्षीय योजनाका रुपमा एक वर्षदेखि बस टर्मिनल निर्माण भइरहेको हो । ३५ करोड लागतमा निर्माण भइरहेको बस टर्मिनलको काम ५० प्रतिशत सकिएको हेटौंडाका नगर प्रमुख हरिबहादुर महतले जानकारी दिए । हेटौंडामा वर्षौंदेखि सुविधासम्पन्न बस टर्मिनल नहुँदा यात्रुदेखि सवारीधनीसमेतले दुःख पाउँदै आएका थिए । हाल बजार नजिकै साँघुरो क्षेत्रमा बसपार्क सञ्चालन भइरहेको छ । सञ्चालन भइरहेको बसर्पाक पनि व्यवस्थित छैन । यात्रुबाहक सवारी पार्किङ गर्नेदेखि टिकट काउन्टर पनि अव्यवस्थितरुपमै सञ्चालन भइरहेका छन् । हालकै बजार व्यवस्थित नहुँदा यात्रुहरुले धेरै कष्ट गर्नु परिरहेको छ ।

निर्माणधीन बस टर्मिनल एकवर्ष ८ महिनाभित्र सक्ने गरी रसुवा/आसिस/बानियाँ जेभीले ठेक्का पाएको हो । चारतले भवन निर्माण हुनेछ । भवनको दुइ तले अण्डर ग्राउण्डमा पार्किङको व्यवस्था गरिने नगर प्रमुख महतले जानकारी दिए । नगर प्रमुख भएपछि महतले बस टर्मिनललाई उपमहानगरको गौरबको योजनाका रुपमा अघि सारेका थिए । बस टर्मिनल निर्माण भएपछि उपमहानगरपालिकाको आन्तरिक आम्दानी बढ्ने र सर्वसाधारणले पनि सुविधा पाउने महत बताउँछन् । 'हालको बसपार्क पुरानो र कम क्षमताको भएकाले सुविधासम्पन्न बसपार्क निर्माण गर्न लागेका हौं', महतले भने ।

अहिलेको बसपार्कलाई छोटो दूरीका सवारीसाधनलाई पार्किङ गर्ने गरी व्यवस्थित गरिने महतले जानकारी दिए । निर्माणाधीन बस टर्मिनलमा भने लामो दूरीका सवारीसाधनलाई ओहोरदोहोर गर्ने, यात्रुलाई आराम गर्ने स्थल बनाइनेछ । बस टर्मिनल भवनको माथिल्लो दुई तलामा व्यापारिक कम्प्लेक्स रहने महतले बताए । 'देश-विदेशबाट हेटौंडा आएका यात्रुलाई बिश्राम गर्ने, हेटौंडालाई व्यवस्थित सहरका रुपमा सर्वसाधारण लाई अनुभूति दिलाउने गरी काम गरिरहेका छौं', महतले भने । टीसीएनमा सञ्चालित तरकारी बजार क्षेत्रलाई बसपार्कको बगैंचाको रुपमा निर्माण गरिने महतले जनाए ।

राजेन्द्र ढकाल ९८५५०६९०८६

घर तथा जग्गा भाडामा

कमाने-८, राजपानीमा रहेको साढे चार कट्ठा जमिनमा बनेको घरसहित व्यवसायीक प्रयोजनको लागि अतिउपयुक्त रहेकोले ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-८, कमाने

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA e-SCOOTERS






Offer
रु.१०,०००।-
नगद छुट


YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्युबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर
हेटौडा उपमहा नगरपालिका
वडा नं. १




सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# कस्तो नेतालाई भोट दिने ?

नेपाली संविधानले नेपालको सार्वभौम अधिकार नेपाली जनतामा निहीत गरेको छ । लोकतन्त्रमा जनताले मूलत: आफ्नो सार्वभौम अधिकारको प्रयोग गर्ने भनेको निर्वाचनको माध्यमबाट नै हो । जनताले आफ्नो निर्णायक शक्तिको प्रयोग चुनावबाट नै गर्दछन् । नेपाली जनताले प्राप्त गरेको सार्वभौम अधिकारको प्रयोग गर्ने अवसरको रुपमा निर्वाचनलाई लिन सकिन्छ । नेपालमा हरेक नागरिकले १८ वर्ष पूरा भएपछि मत हाल्न पाउने अधिकार पाउँछन् । कानुनले पनि १८ वर्षपुगेपछि हरेक निर्णय लिन सक्षम र सबल हुन्छ, भनेर पारित गरिसकेको छ । स्थानीय निर्वाचन नजिकिएसंगै जनतामा नयाँ अभिलासा पलाएको छ । विद्यमान ऐनअनुसार निर्वाचनको मिति घोषणा हुनुभन्दा पहिला नेपाल सरकारले मतदाताको नाम सङ्कलन गर्ने काम सकिसकेको छ ।

हरेक नागरिकले १८ वर्ष पूरा भइसकेपछि राज्यले दिने हक अधिकारबाट बञ्चित हुन नपरोस् । नागरिकले पनि आफूले पाउने हकधिकारको सदुपयोग गर्नु पर्दछ । आफूले पाएको अधिकारको प्रयोग गरी आफूले चाहेजस्तो नेतृत्व चयन गर्न सक्नुपर्छ । अहिले स्थानीय तहको चुनाव नजिकिँदै गर्दा हरेक तहका जनतामा चासोको विषय बन्नु स्वभाविक नै हो । आफूले भोट हालेर कस्तो जनप्रतिनीधि छान्ने भन्ने कुरा उनीहरुमै अन्तर्निहीत हुन्छ । हरेक योग्य मानिसले आफूले हालेको भोट खेर जान दिनु हुँदैन । वर्तमान अवस्थामा विभिन्न पार्टीका नेताहरुले विभिन्न किसिमका प्रलोभन देखाएर भोट तान्ने प्रचलन नभएको होइन । हरेक पार्टीका आफ्नै विशेषता होलान् । तर, पनि सक्षम र योग्य नागरिकले आफूले कस्तोखाले नेता चुन्दा राम्रो हुन्छ ? कसले काम गर्छ ? कसले काम गर्दैन ? भनेर हरेक नागरिकले बुझ्नपर्ने हुन्छ ।

अब, कसैको करकापमा परेर, हुल हुज्जतमा लागेर, आर्थिक प्रलोभनमा परेर, झुटो आश्वासनको भरमा होइन कि आफ्नो विवेकले सही, सत्य, सक्रिय, जनप्रेमी व्यक्तिलाई पहिचान गरी सम्बन्धित पालिका र वडाको नेतृत्व गर्न सक्षम नेतालाई भोट दिएर आफ्नो अधिकारको सदुपयोग गर्नुपर्छ । हरेक नागरिकले आफूले पाएको अधिकार सदुपयोग गरी चाहेजस्तो नेता छान्नु आजको टड्कारो आवश्यकता हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत २ गते बुधबार १६ मार्च २०२२ । फागुन शुक्ल त्रयोदशी । चिल्लाथ्व त्रयोदशी ११४२ । सूर्योदय ६:१२ र सूर्यास्त ४:१२ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मांगलिक कार्य सम्पादन | **तुला** | : यात्रामा भयले सताउने |
| **वृष** | : कार्यमा बाधा | **वृश्चिक** | : उपचार खर्च वृद्धि हुने |
| **मिथुन** | : आकस्मिक लाभ हुने | **धनु** | : मानसम्मान मिल्ने |
| **कर्कट** | : अर्थहानि हुने | **मकर** | : जोस एवम् जांगर बढ्ने |
| **सिंह** | : स्थानान्तरण हुनसक्ने | **कुम्भ** | : बादविवाद बढ्ने |
| **कन्या** | : दुस्चिन्ताले पिरोल्ने | **मीन** | : घरेलु काममा रुचि |

# समाजवाद : चौथो अंगको साझा गन्तव्य



शेरबहादुर विश्वकर्मा




पत्रकारिता क्षेत्रमा केही विश्वव्यापी मान्यता र अवधारणाहरू छन् । जस्तो कि पत्रकारिता सत्य तथ्य, सन्तुलित र विश्वसनीय हुनुपर्छ, पत्रकारिता गैर-राजनीतिक र स्वतन्त्र हुनुपर्छ, यसले समाजलाई सूचना र समाचारका माध्यमद्वारा सुसञ्जित र सशक्तीकरण गर्छ, पत्रकारिताले समाजलाई सूचना दिन्छ, शिक्षित गर्छ, उत्प्रेरित र खबरदारी एवम् पहरेदारको काम गर्नुपर्दछ आदि । निश्चय नै यी अवधारणाहरू आफैँमा नाजायज छैनन्, हेर्दा स्वाभाविक र सही नै लाग्छन्, यी मान्यता र आदर्शको आधारमा सिङ्गो मिडिया जगत् सञ्चालित हुनुपर्छ ।

तर के यी अवधारणाअनुसार नै हामी हिँडेका छौँ त ? के नेपाली मिडिया जगत् आफ्नै घोषित मान्यता र आदर्शप्रति इमानदार छ त ? के यी अवधारणाको प्रयोग समाज विकासको स्तरसापेक्ष हुने कुरा होइन र ? यसरी हेर्दा पत्रकारिताका उल्लिखित मान्यता र यी मान्यताले जन्माएका प्रश्नहरूलाई तुलनात्मकरूपमा विश्लेषण नगरी धारणा निर्माण गर्नु हाम्रो एकोहोरोपन र कमजोरी मात्र हुनेछ ।

हुन त पत्रकार र पत्रकारितालाई राज्यको चौथो अङ्ग पनि भन्ने गरिन्छ । राज्यका मुख्य गरी तीनवटा अङ्गहरू हुन्छन्- कार्यपालिका, न्यायपालिका र व्यावस्थापिका । पत्रकारितालाई चौथो अङ्गको रूपमा कुनै कानुन र संविधानले लिखित मान्यता र वैधानिक व्यवस्था गरेको छैन । यो एउटा मान्यता मात्र हो । यो मान्यता मात्रै जस्तो देखिए पनि आजका लोकतान्त्रिक राज्यहरूद्वारा पत्रकारिता क्षेत्रले सम्पादन गर्ने कामको आधारमा यसलाई राज्यको चौथो अङ्गको रूपमा मान्यता दिनु सही र सार्थक नै देखिन्छ ।

प्रेसलाई सर्वप्रथम चौथो अंगको रूपमा कसरी मान्यता दिइयो त भन्नेबारे यसको ऐतिहासिक सन्दर्भ यस्तो देखिन्छ, ‘सन् १७८१ को मे महिनामा फ्रान्सका राजा लुई चौधौंले भर्साइलमा राज्यका जनरलहरूको बैठक बोलाएका थिए । बैठकमा भाग लिन पहिलो राज्यका रूपमा तीनसय भारदार, दोस्रो राज्यका रूपमा तीनसय पादरी र पुरोहित तथा तेस्रो राज्यको रूपमा छ सय सर्वसाधारण बोलाएका थिए । त्यसको केही वर्षमा फ्रान्सको राज्यक्रान्तिपछि एडमन्ड वर्कले संसद्को बैठकस्थलबाट अलि पर रहेको प्रेस ग्यालरीतिर सबैको ध्यान आकृष्ट गराउँदै भनेका थिए, ‘उ पल्लोपट्टि राज्यको चौथो अङ्ग बसेको छ, यहाँ भएका यी तीनै अंगभन्दा बढी महत्त्वपूर्ण ।’ २

राज्यका तीनओटै अंगभन्दा स्वतन्त्र र अलग अर्थात् चौथो अङ्गको रूपमा रहेको आमसञ्चार क्षेत्रले आजका आधारभूत लोकतान्त्रिक राज्यहरूमा सरकारका कामहरू र कमजोरीबारे समाजलाई सम्प्रेषण गर्ने र समाजका प्रतिक्रियालाई नीति-निर्माताहरूको कानमा पुऱ्याएर समाज र राज्यबिचको सम्बन्धलाई जीवित राख्ने र शासकहरूलाई नीति-निर्माणमा उत्प्रेरित गर्न निकै ठूलो योगदान गर्दै आएका छन् ।

यही आवश्यकतालाई दृष्टिगत गरेर नै उनीहरू प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई लोकतन्त्रको आत्मा ठान्दछन् । यति हुँदाहुँदै पनि यो क्षेत्रमा कैयौँ विकृति र चुनौती थपिँदै आएका छन् । यी विकृतिहरूलाई मर्यादित पत्रकारिताका चुनौतीका रूपमा स्वीकार्दै गोपाल बुढाथोकी लेख्छन्, ‘आफ्नो पेसागत कर्म र दायित्वका कारण नेपाली समाजमा गाली खाने समूहमा पहिलो पंक्तिमा राजनीतिक दलका नेताहरू पर्दछन् भने दोस्रो पंक्तिमा पत्रकारहरू पर्दछन् ।’३

कैयौँ सकारात्मक योगदानहरूका बाबजुद जसरी राजनीतिक दलहरू र तिनका नेताहरूप्रति नागरिकको विश्वास डगमगाउँदै गइरहेको छ, नेताहरू जसरी भ्रष्टीकृत र बदनाम मात्रै होइनन्, उनीहरूको न्युनतम इमानसमेत क्षयीकरण हुँदै गएको छ, त्यसरी नै पत्रकारिता क्षेत्रमा पनि पेसागत मर्यादा, सामाजिक उत्तरदायित्व र सञ्चार समाग्रीप्रतिको विश्वसनीयता खस्किँदै गएको छ ।

आफ्ना निहित स्वार्थ र व्यावसायिक लाभका लागि समाजका विकृति, विसंगति र भ्रष्टाचारका विषय उठान गर्ने तर पछि त्यसको परिणाम के आयो भन्ने कुरा सार्वजनिक गर्नेभन्दा पनि आर्थिक लेनदेनमा मुद्दाहरू टुङ्गिने समस्या आज बढ्दै गएका छन् । निश्चित राजनीतिक अभीष्ट पूरा गर्न आफूभन्दा फरक राजनीतिक आस्था भएकाहरूप्रति चरम असहिष्णुता र मिडियाद्वारा आक्रमण गर्ने तर आफू नजिकको पार्टी र नेताले जस्तोसुकै जघन्य अपराध गर्दा पनि मौन रहने, घटनाहरूको सत्यतथ्य अनुसन्धान र विश्लेषणमा आधारित सामग्री पस्किनेभन्दा पनि बजारमा के बिक्छ, आफ्नो अनलाइन मिडियामा लाइक, कमेन्ट, सेयर भिजिटर के गरी बढाउन सकिन्छ, त्यही गरेर नाफा आर्जनको उद्देश्यले सूचना प्रवाह गर्ने समस्या आम बन्दै गएका छन् । यस्ता प्रवृत्ति बढ्दै गएपछि आमसञ्चार क्षेत्रले पस्किने सामग्रीले समाजलाई सुसञ्जित गर्नेभन्दा पनि स्खलित र भ्रमित तुल्याइरहेको छ । यो समस्यालाई संकेत गर्दै कतिपय मानिसहरूले पत्रकारितालाई चौथो अंग होइन कि चुत्थो अंगसमेत भनेका छन् ।

पत्रकारहरू पनि यही समाजकै अंग हुन्, उनीहरू जन्मे-हुर्केको समाज, सामाजिक संरचना, राजनीतिक वातावरणले उनीहरूको घटनाहरूलाई हेर्ने वैयक्तिक दृष्टिकोणलाई प्रभावित गरिरहेको हुन्छ । कुनै खास घटनाका कारण र परिणामबारे हेर्ने दृष्टिकोणबारे उनीहरूको वर्गीय धरातल र राजनीतिक-वैचारिक आस्थाले पनि एकहदसम्म प्रभाव परिरहेको हुन्छ र कतिपय सन्दर्भमा सत्यको तडमरोडसमेत हुन जान्छ ।

सारभरि व्यक्ति-हत्याका घटनाहरूको स्थिति हेर्दा पनि सञ्चारकर्मीहरूको अपहरण र हत्याका घटना निरन्तर बढिरहेको देखिन्छ । यसको पछाडि अनेकौं कारण होलान् । त्यसमध्ये पत्रकारहरूले घटनाहरूलाई हेर्ने र उठान गर्ने सम्बन्धमा उनीहरूको वैयक्तिक स्वार्थहरू मुखरित हुने, उनीहरू आफूभन्दा फरक विचार र आस्थाप्रति पूर्वाग्रही हुनु, समाचार सम्प्रेषणमा उनीहरूको निजी आग्रह झल्किनु पनि यस्ता घटनाको एउटा प्रमुख पक्ष देखिन्छ ।

नेपालमा माओवादी जनयुद्ध शक्तिशाली हुँदै गएपछि, देशको ठूलो भू-भाग जनयुद्ध र जनसत्ताको नियन्त्रणमा गएपछि एकथरी मानिसहरू माओवादी आन्दोलनलाई कमजोर र बदनाम गर्ने उद्देश्यसहित मानव-अधिकार, पत्रकार र रेडक्रसको रूपमा आधार इलाका प्रवेश गर्ने, जनयुद्धकालीन घटनाहरूको अपराधीकरण गर्ने र मानव-अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मान्यताहरूको आधारमा माओवादी नेताहरूलाई दबाब सिर्जन गर्न उद्यत रहे ।

अहिलेको सत्ता-राजनीतिमा मिडियाहरूको भूमिका दिनानुदिन शक्तिशाली र निर्णायकजस्तो देखिन थालेको छ । राजनीतिक शक्तिमा पुग्न र टिकिरहन मुख्यगरी सैन्यशक्ति र मिडियामध्ये-मिडिया नै अगाडिको भूमिकामा देखिन्छ । जोसँग सेना छ, जोसँग मिडियामाथि नियन्त्रण छ उसैले आफूलाई आजको राजनीतिक केन्द्रमा पुऱ्याउन सक्नेजस्तो स्थिति देखिएको छ ।

यी दुई तागतबेगर संसदीय राजनीतिमा आवधिक निर्वाचनमा बहुमत हासिल गर्ने वा विजयपछि पनि टिकिरहने र लोकप्रिय देखिरहन मिडिया नै निर्णायक भूमिकामा हुने देखिन्छ । सत्ता, शक्ति र राजनीतिका साथै युद्धमा समेत सञ्चार-माध्यमहरूको औचित्य कति छ भन्नेबारे प्रोफेसर फ्रयाङ्क बेवस्टर (सन् १९९५) ले यसरी लेखेका छन्, ‘अहिलेका सञ्चार-माध्यमको काम युद्धमैदानबाट सरकार वा सम्बद्ध संस्थाहरूले खोजेको जस्तो समाचार प्रेषित गर्नु मात्र रहेन । युद्धमा फसेका लोकतान्त्रिक देशहरूमा युद्धको औचित्य सावित गर्नु मुख्य खेलाडी सञ्चार-माध्यम नै हुन् ।’४

अमेरिकाले खासगरी ११ सेप्टेम्बरको घटनापछि इराक, इरान, सिरिया, अफ्गानिस्तान लगायतका मुलुकमाथि जुन सैन्य आक्रमणहरू गऱ्यो, ती सबै हमलाको लागि भौतिक परिवेश तयार पार्नेदेखि युद्धहरूको आवश्यकता र औचित्य सावित गर्न पनि पश्चिमा मिडियाहरूले हरदम प्रयास गरे । ठीकलाई बेठीक र बेठीकलाई ठीक बनाउन वा सावित गर्न पनि जोसँग सञ्चार क्षेत्रमा पकड र नियन्त्रण छ, जोसँग यो क्षेत्रलाई प्रभावकारी बनउन सक्ने सामर्थ्य छ उसैले मात्रै आफूलाई विजयी बनाउन सक्ने देखिएको छ ।

आजको सत्ता-राजनीति र शक्तिका लागि गरिने युद्धमा मात्रै होइन पुँजीवादका विरुद्ध समाजवाद ल्याउन, क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्न र क्रान्तिको विजयका लागि समेत सञ्चार क्षेत्रको कति महत्त्व तथा प्रभावकारिता छ भन्नेबारे लेनिन भन्नुहुन्छ, ‘मजदुरवर्गको एउटा राजनीतिक पार्टी बनाउने काम अखिल-रसियालीस्तरमा एउटा लडाकु र राजनीतिक अखबारको प्रकाशनबाट थालिनुपर्छ । यस अखबारले क्रान्तिकारी सामाजिक जनवादका विचारहरूको पक्षमा प्रचार र आन्दोलन चलाउनेछ । यस्तो अखबारको स्थापना नै पार्टी निर्माणको पहिलो पाइलो हुनुपर्छ ।’५

कम्युनिस्ट पार्टीमा अखबारले पार्टीका विचारहरूलाई प्रचार गर्ने प्रचारकर्ता मात्रै हो जस्तो गरी बुझ्दै आएको पाइन्छ । तर, यसको संगठनात्मक क्षेत्रको भूमिका समेत निकै माथि छ भन्नेबारे जोड दिँदै फेरि लेनिन भन्नुहुन्छ, ‘अखबार एउटा सामूहिक प्रचारक र एउटा सामूहिक आन्दोलनकर्ता मात्रै होइन, अखबार एउटा सामूहिक संगठनकर्ता पनि हो ।’६

सन् १९०५ मा भएको विद्रोह असफल भएपछि लेनिनको पार्टीमाथि प्रतिबन्ध लाग्यो । कैयौँ नेता-कार्यकर्ताहरू मारिए, जेल हिरासतदेखि निर्वासनमा समेत रहनुपर्ने भएपछि अखबारको माध्यमद्वारा नै पार्टीका विचारहरू मजदुरहरूसमक्ष पुऱ्याउने, पार्टी निर्माण गर्ने र अन्तत: अक्टोबर क्रान्तिका लागि सम्पूर्ण आत्मगत अवस्था निर्माणमा अखबारहरू नै सहयोगी सावित भए र इस्क्रा नै त्यो अखबार थियोह जसले कम्युनिस्ट पार्टीको निर्माण, विकास र जारशाहीको पतनका लागि आफ्नो युगीन कार्यभार पूरा गऱ्यो ।

सामान्यतया: सञ्चार-माध्यमहरू ‘आवाजविहीनहरूको आवाज’ हुन् भन्ने गरिन्छ । समाजमा पछाडि पारिएका विभिन्न जातजाति, समुदाय र महिलाका आवाजहरू आमसञ्चार-माध्यममा प्रवाहित हुनेक्रम विगतभन्दा सकारात्मक जस्तो देखिन्छ नै । यसको अर्थ रेडियो, टेलिभिजन, अखबार र डिजिटल माध्यमहरूको मूल प्रवाहमा उनीहरूको सशक्त र निर्णायक भूमिका छ भन्न मिल्दैन ।

यस विषयमा जेम्स कुरानलाई उद्धृत गर्दै मिडिया विश्लेषक प्रत्युष वन्त लेख्छन्, ‘मिडिया जनताको आवाज हुनलाई उनीहरूको प्रभाव मिडियामाथि हुन सक्नुपऱ्यो । तर हालको विश्वको मिडियाको स्वामित्व ठुला-ठुला कम्पनीको हातमा गएकोले तिनलाई जनताले प्रभाव पार्नेभन्दा पनि जनताको चाहनालाई तिनले बढी प्रभाव पार्ने सम्भावना छ । निजी क्षेत्र हावी हुँदै गइरहेको मिडिया जगत्मा अहिले नै विशेष ध्यान दिन जरुरी छ । त्यसो हुन सकेन भने अति बजार नियन्त्रणको प्रभावद्वारा समाजको प्रजातान्त्रिक रूपान्तरणमा अवरोध आउनेछन् ।’७

पछिल्लो समयमा मिडियाहरूको संख्यात्मक वृद्धिसँगै यो क्षेत्रले दिइरहेको रोजगारी, मिडियामा हुँदै गइरहेको बढ्दो लगानी, नाफा प्रवर्द्धन गर्ने उद्देश्यले मिडियामा निजी क्षेत्रको प्रवेशका आधारमा पत्रकारिता र आमसञ्चारलाई ‘मिडिया उद्योग’ को रूपमा परिभाषित गर्ने गरेको पाइन्छ । उद्योग भन्नेबित्तिकै, त्यो पनि निजी क्षेत्रले नाफा लिन पाउने गरी लगानी गर्ने हो भने नागरिकलाई सत्य-तथ्य सूचना दिनेभन्दा पनि स्वाभाविकरूपमा जे र जस्तो गर्दा नाफा प्राप्ति हुन्छह मिडिया क्षेत्रले त्यो नै गर्न थाल्दछ । नागरिकलाई सुसञ्जित गर्नका लागि होइन कि बजारको रुचि र नाफाको आधारमा सामग्रीहरूको उत्पादन र प्रसारण हुने नै भयो ।

समकालीन नेपाली मिडिया क्षेत्रमाथि गरिएको लगानी र स्वामित्वलाई हेर्दा देशका ठूला घरानियाँदेखि राजनीतिक दलका नेता-कार्यकर्ताहरूको नै पकड यो क्षेत्रमा देखिन्छ । उनीहरूका आफ्ना निश्चित रुचि र उद्देश्यहरू हुने नै भए । यी कारणले पनि सञ्चार-माध्यमहरू आवाजविहीनहरूको आवाज हुन सक्दैनन् । मिडियाहरूमा देखिएको स्वामित्वको विद्यमान चरित्र नबदलीकन यो क्षेत्रले सही सूचना दिनेभन्दा पनि सूचनाहरूको क्रय-विक्रय गर्ने र थप दिग्भ्रमित गर्ने सम्भावना बढेर जान्छ ।

पत्रकारितालाई दुई भागमा बाँडेर अध्ययन गरिन्छ : मिसन पत्रकारिता र स्वतन्त्र एवम् व्यावसायिक पत्रकारिता । यो विभाजन आफैँमा अमिल्दो देखिन्छ । सामान्यतया बुझाइ के छ भने मिसन पत्रकारिता पार्टी पत्रकारिता हो, यसले राजनीतिक अभीष्ट र योजनामा पत्रकारिता गरिरहेको हुन्छ ।

कसै-कसैले त यसलाई पार्टीकारिता पनि भन्न भ्याएका छन् । यहाँनेर हामीले विचार गर्नुपर्ने पक्ष भनेको के पत्रकार र पत्रकारिता समाज, राष्ट्र र वर्गभन्दा पृथक विषय हुन ? के निजी क्षेत्रद्वारा लगानी गरिएका मिडिया उद्योगहरूको कुनै मिसन, उद्देश्य नै छैन ? के उनीहरू राजनीतिक आस्थाभन्दा अलग होलान् ? निश्चय नै यो हुन सक्तैन र छैनन् ।

राजनीतिक, समाज र पत्रकारिता आफैँमा अन्तरसम्बन्धित विषय हुन् । यसलाई थप प्रस्ट पार्न पत्रकार किशोर नेपालको एउटा विश्लेषण उद्धृत गर्नु सही होला । उहाँ लेख्नुहुन्छ, ‘पत्रकारिता समाज र राजनीतिको प्रतिबिम्ब हो । यो समाज र राजनीतिबाट अलग रहन सक्तैन । तर, यसको अर्थ पत्रकारिताले राजनीति र समाजको छायाँलाई पछ्याइराख्नुपर्छ भन्ने होइन । राजनीतिक र समाजमा सक्रिय हस्तक्षेप गरेर कतिपय गलत पद्धति र परम्परामा आमूल परिवर्तन ल्याउन एक्काइसौँ शताब्दीको पत्रकारिताको पहिलो र अन्तिम चुनौती हो ।’८

नेपालमा २००७ सालदेखि नै हरेक आन्दोलनमा सञ्चार क्षेत्रको निकै महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । कांग्रेस पार्टीको सभापति एवम् सन्त नेता कृष्णप्रसाद भट्टराई नै नेपाल पत्रकार महासैको संस्थापक सभापति हुनुहुन्थ्यो । पछिल्लो समयमा खासगरी माघ १९ मा तत्कालीन राजाले संसद् विघटन गरी सैनिक शासन चलाएपछि मुलुक र आम जनताले गणतन्त्रको पक्षमा मत व्यक्त गरिरहेका थिए । तत्कालीन विद्रोही नेकपा माओवादी गणतन्त्रको न्युनतम बटमलाइनसहित संघर्ष गरिरहेको थियो । संसदवादी पार्टीहरू खासगरी कांग्रेस र एमाले संवैधानिक राजतन्त्र र संसद् पुनर्स्थापनको एजेन्डामा सडक सैर्ष गरिरहेका थिए ।

यस्तो विशिष्ट परिस्थितिमा मुलुकमा विद्यमान गतिरोध अन्त्य गर्न, राजनीतिक निकास दिन र संसदवादी पार्टीहरूलाई गणतन्त्रको दिशामा अभिप्रेरित गर्न सर्वप्रथम नेपाल प्रत्रकार महासंघले गणतन्त्रमा जाने निर्णय गर्दै साँच्चै सह्रानीय र नागरिक अगुवा संस्थाको जिम्मेवारी निर्वाह गरेको थियो, यसलाई हामीले राजनीतिक र समाजमा सञ्चार क्षेत्रले गरेको सक्रिय हस्तक्षेपकै अर्थमा ग्रहण गर्नुपर्दछ । पत्रकारिता पेसा मात्र होइन, यो सामाजिक उत्तरदायित्व र एउटा सशक्त आन्दोलन पनि हो भन्ने कुराको यो दृष्टान्त पनि हो ।

हामीले २०६२/०६३ सालको जनविद्रोहअघि नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा लड्दै, यो अधिकारलाई संवैधानिक ग्यारेन्टीका लागि संघर्ष गर्दै आएका थियौँ । यद्यपि कार्यान्वयनका दृष्टिले कतिपय व्यावहारिक र राजनीतिक उल्झनहरू यथावत् नै भए पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संविधानले नै सुनिश्चित गरिसकेपछि सापेक्षित रूपमा हाम्रो यो मिसन पूरा भएको छ ।

मिसन भन्ने कुरा समय र परिस्थितिमा निर्भर विषय पनि हो । हिजो जे चीजका लागि लड्यौँ, त्यही भट्याइरहनुपर्छ भन्ने जरुरी पनि छैन । एउटा मिसन पूरा भइसकेपछि अर्को र नयाँ मिसनका लागि अघि बढ्नु स्वाभाविक पनि हो । हिजो जतिबेला निर्दलीय व्यवस्था थियो, राजनीतिक दल खोल्ने, चुन्ने र चुनिने पाउने अधिकार नै थिएन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संवैधानिक र मौलिक अधिकारको रूपमा सुनिश्चित गरिएको थिएन, त्यो परिवेशमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि संघर्ष गर्नु सही र अग्रगामी कदम नै थियो तर आज परिस्थितिमा कैयौँ फेरबदलहरू आएका छन् ।

देशका प्राय:जसो राजनीतिक दलहरूले आफ्नो चुनावी घोषणापत्रदेखि अबको राजनीतिक कार्यक्रमबारे समाजवाद उल्लेख गरेका छन् । मुलुकको संविधानको पेटबोलीमा समेत ‘समाजवाद’ उन्मुख भन्ने शब्दावली राखिएको छ । तर, समाजवाद निर्माण भएको छैन । हामीले समाजवाद त सबैले उच्चारण गर्ने तर यसले नागरिकको जीवनमा के दिन्छ र यो कसरी आउँछ वा ल्याइन्छ भन्नेबारे अनेक र फरक बुझाइ छन् । हाम्रो विशेषता, मौलिकता र आजको विश्वसन्दर्भमा नेपालको समाजवादको प्रारूप के हो भन्नेबारे गहन र विशद् विमर्श हुन बाँकी नै छ । हामीले भनिरहेको समाजवादमा सुकुमबासी, भूमिहीन, किसान, महिला र दलितका मुद्दाहरूलाई राज्यले कसरी सम्बोधन गर्छ भन्नेबारे प्रस्टताको जरुरी छ ।

समाजवाद संसदीय व्यवस्थाबाटै आउने हो वा त्योभन्दा बाहिर र फरक ढंगले अर्को कुनै बाटो पनि छ भन्नेबारे जनतालाई भन्नुपर्छ र भन्न लगाउनु हामी मिडियाकर्मीहरूको सामाजिक उत्तरदायित्व हो । अबको समाजवादमा प्रेसलाई कसरी जिम्मेवार, मर्यादित र जनपक्षीय बनाइन्छ भन्नेबारे स्पष्ट दिशाबोधका लागि अब समाजवाद चौथो अंगको साझा गन्तव्य हुनुपर्दछ ।

अन्त्यमा, समाजवाद अर्थात् वैज्ञानिक समाजवादमा सूचना-सञ्चारका विशेषताबारे महासचिव विप्लवद्वारा अघि सारिएको प्रस्ताव पस्किन चाहन्छु :

१. वैज्ञानिक समाजवादमा हरेक नागरिकको लागि सूचना प्राप्त गर्ने र प्रदान गर्ने हक सुनिश्चित गरिनेछ ।
२. निष्पक्ष, स्वतन्त्र, तथ्यसङ्गत सूचना प्रवाहलाई जोड दिइनेछ ।
३. सूचना प्रवाह गर्दा जनता र देशको हित, स्वतन्त्रता, स्वाधीनतालाई केन्द्रमा राख्नुपर्नेछ ।
४. देश, संस्था, व्यक्तिलाई लाञ्छित गर्नेगरी तयार पारिने बनावटी, प्रायोजित, झुटा, भ्रामक एवम् अश्लील सूचना प्रचारलाई रोक लगाइनेछ ।’९

विश्वकर्मा जनपत्रकार संगठनका संयोजक हुन् ।

**सन्दर्भ सामग्री**

१. मार्क्स-एङ्गेल्स, साहित्य तथा कला, मास्को प्रगति प्रकाशन, ई १९८९ पृ. १४२
२. किशोर नेपाल, मिडिया : सिद्धान्त , सूत्र र प्रयोग, पृ. १९९
३. गोपाल बुढाथोकी, संहिता, असार २०७८, पृ. १९
४. किशोर नेपाल, मिडिया : सिद्धान्त, सूत्र र प्रयोग, पृ. २२-२३
५. कृष्णदास श्रेष्ठ, सोभियत सैको कम्युनिस्ट पार्टीको इतिहास, पृ. २८, पैरवी प्रकाशन, २०७०
६. उही, पृ. २९
७. जेबी विश्वकर्मा, नेपाली मिडिया र दलित, पृ. १३१-३२
८. मिडिया सिद्धान्त, सूत्र र प्रयोग, पृ. ११
९. विप्लव, वैज्ञानिक समाजवादका विशेषताहरू, पृ. २०

*-साभार: इकागज*

# ‘द कश्मीर फाइल्स’को कमाईमा उछाल



एउटा उखान छ, ‘कहिले काहिँ नपत्याउने खोलाले पनि बगाउँछु ।’ यो उखान भारतीय फिल्म ‘द कश्मीर फाइल्स’को हकमा लागू भएको छ । शुक्रवारबाट प्रदर्शनमा आएको यो फिल्मले लगानी उठाउन पनि नसक्ने विश्लेषण गरिएको थियो । किनकि, न फिल्मको प्रचार गतिलो थियो न ठूलो स्टारकास्ट नै । तर, बलियो वर्ड अफ माउथले फिल्मको व्यापार दिन प्रतिदिन बढेको छ ।

फिल्मले पहिलो दिन ३ करोड ५५ लाखको व्यापार गरेको थियो । दोस्रो दिन फिल्मको कमाईमा १३९.४४ प्रतिशतले वृद्धि भयो । अर्थात् फिल्मले ८ करोड ५० लाख छाप्यो । तेस्रो दिन फिल्मले बक्सअफिसमा ठूलो उछाल ल्याएको छ । ३२५.३५ प्रतिशतले वृद्धि हासिल गर्दै तेस्रो दिन फिल्मले १५ करोड १० लाख कमाएको छ । तीन दिनमा फिल्मको कमाई २७ करोड १५ लाख पुगेको छ । फिल्ममा अनुपम खेर, मिथुन चक्रवर्ती, दर्शन कुमार, पल्लवी जोशी, पुनीत इस्सर, मृणाल कुलकर्णी लगायतका कलाकारहरुको मुख्य भूमिका रहेको छ । फिल्ममा कश्मीर पीडितको त्यसबेलाको कथा देखाइएको छ, जब ९० को दशकमा उनीहरुलाई आफ्नै राज्यबाट निकालिएको थियो । विवेक अग्निहोत्रीको निर्देशनमा तयार भएको फिल्मलाई अभिषेक अग्रवालले निर्माण गरेका हुन् । साउथ इन्डियन फिल्म ‘राधे श्याम’का कारण ७०० स्क्रिनमा खुम्चिएको ‘द कश्मीर फाइल्स’ले जबर्जस्त माउथ पब्लिसिटीका कारण हल संख्या बढाउँदै लगेको छ । नेपालमा भने यो फिल्म प्रदर्शनमा आएको छैन । ‘राधे श्याम’ले कमजोर व्यापार गरेपछि वितरक मनोज राठीको समूहले ‘द कश्मीर फाइल्स’लाई नेपाल भित्राउने भएको छ । सम्भवत: शुक्रवार फिल्म नेपालमा प्रदर्शन हुनेछ ।

फिल्मीखबरबाट

## पर्यटकले भरिए पदमार्ग

रसुवा-कोभिड-१९ संक्रमण शून्यमा झरेसँगै लाङ्टाङ र गोसाइँकुण्ड क्षेत्रमा पदयात्रा गर्न पर्यटक आउन थालेका छन् । होटल व्यवसाय सैका जिल्ला अध्यक्ष रामशरण गजुरेलका अनुसार दैनिक २०/२५ आन्तरिक र बाह्य पर्यटक गोसाईंकुण्ड पदयात्रा गर्न आउन थालेका छन् । पर्यटनको आगमनसँगै यहाँको होटल व्यवसाय चलायमान भएको छ ।

चालु आर्थिक वर्षको साउनदेखि हालसम्म ११ हजार ६१८ आन्तरिक र बाह्य पर्यटकले लाङ्टाङ राष्ट्रिय निकुञ्जस्थित गोसाइँकुण्ड र लाङटाङको भ्रमण गरेका छन् । वसन्त र ग्रीष्म ऋतुमा पर्यटकको आगमन उल्लेखनीय रुपमा वृद्धि हुने विगतको तथ्यांकले देखाएको लाङ्टाङ राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत प्रमोद भट्टराईले जानकारी दिए ।

चालु आर्थिक वर्षको यस अवधिमा १० हजार ५०३ आन्तरिक, ११२ जना सार्क राष्ट्रका तथा एक हजार तीन अन्य देशका पर्यटकले भ्रमण गरेका छन् । धार्मिक पदमार्गअन्तर्गत तिवारी बगरदेखि चन्दनबारी, लौरिविनायक, गोसाइँकुण्डसम्म र लाङ्टाङ पदमार्गको स्याफ्रुबेंसीहुँदै लाङ्टाङ क्याङ्जेन सम्मका पर्यटकीय पदमार्गका होटल सञ्चालनमा आएको गजुरेल बताउँछन् ।

हिमाली पदयात्राका लागि आउनुभएका भारतीय यात्रु अमित पवार भन्छन् ‘जीवनमा एकपटक पुग्नैपर्ने तीर्थ भएकाले भगवानको दर्शन गर्न आएका हौं ।’ पर्यटकको आगमनसँगै पदमार्गका होटल व्यवसायी खाध्यान्न ढुवानीमा व्यस्त हुन थालेका छन् । यस्तै गोसाइँकुण्ड पुग्ने यात्रुलाई खान बस्न सुविधा पुगोस् भन्ने उद्देश्यले लाङ्टाङ राष्ट्रिय निकुञ्ज कार्यालयमार्फत अनुमति दिएका तीर्थस्थल नजिकैका चार होटल नियमित सञ्चालन गराउन आग्रह गरिएको छ । -साभार: इकागज

# कसैको आत्मसम्मानमा चोट पुगे क्षमा चाहन्छु: *प्रकाश सपुत*



काठमाडौं/गायक प्रकाश सपुतले आफ्नो नयाँ गीत ‘पीर’लाई राजनीतिकरण नगर्न आग्रह गरेका छन् । तर गीतको भिडियोको केही दृश्यले कसैको आत्मसम्मानमा चोट पुगेकोमा उनले माफी मागेका छन् ।

आइतबार सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै गायक सपुतले आफूले देखेका र संगत गरेका व्यक्तिहरुलाई नै आधार बनाएर गीतको विषयवस्तु बनाएको र यसमा सम्बन्धित पक्षको आत्मसम्मानमा चोट पुगेको भए माफी दिन आग्रह गरेका हुन् ।

साथै उनले कसैले यस विषयलाई नियतवश उक्साएर वा निरन्तर निरुत्साहित गरेर एउटा सर्जकलाई दुविधामा नपार्न पनि आग्रह गरेका छन् ।

उनले फेसबुकमा लेखेका छन्, ‘विवाद मेरो स्वाभाव र ल्याकतको कुरा होइन । मैले कसैसँग पनि यो विषयमा सहयोग र सल्लाह लिएको छैन । त्यसैले सिर्जना र स्वतन्त्रताको कुरा त गरौं, तर यसलाई राजनीतिकरण नगर्न सबैसँग अनुरोध गर्दछु । मैले आफ्नो स्वतन्त्रताको आनन्द लिइरहेको छु । मेरो विनम्र अनुरोध मलाई कुनै कित्तामा नउभ्याइदिनु होला ।

कुनै विषय जब विवादित बन्छ, त्यो बनेको बन्यै गर्छ । पक्ष र विपक्षमा एकोहोरो भइन्छ । नेपाली सोसियल मिडियामा यो गलत नजीर स्थापित भएको छ ।

विवादले मानसिक तनाव त दिन्छ नै विषयान्तर पनि गर्छ । गीत र भिडियोको भाषा, शैली, प्रस्तुतिलाई कलाका दृष्टिबाट, विचारका दृष्टिबाट हेरौं, समीक्षा गरौं । तर गीतले उठाउन खोजेको मुख्य विषयहरुलाई एकपटक इमान्दार भएर विचार गरौं । समग्र विषय त सत्य हो भन्दै नेतृत्व पंक्तिले स्विकारिसक्नु भएको छ । त्यसलाई सम्बोधन गर्नेतर्फ केही कदम उठाइयो भने मेरो सिर्जनाले सार्थकता पाउने थियो ।

भिडियो हेरिरहँदा जुन-जुन दृश्यले सन्बन्धित साथीहरुलाई आत्मसम्मानमा चोट पुगेको छ, त्यसप्रति म फेरि पनि क्षमा चाहन्छु । यसलाई कलाको दृष्टिकोणले हेर्न आग्रह गर्न चाहन्छु ।’

उनले गीतमा समावेश चरित्र आफैंले देखेका र संगत गरेका नै भएको पनि स्पष्ट पारेका छन् । ‘पीर’ गीतमार्फत ‘जनयुद्ध’कै जग र बलमा व्यवस्था परिवर्तन भएको, तर अवस्था परिवर्तन मात्रै भन्न खोजेको सपुतले उल्लेख गरेका छन् । समानताका लागि लडेका एकसाथ लडेकाहरुबीच बढ्दै गएको असमान दुरीलाई भिडियोमा देखाउन खोजेको उनको भनाइ छ । उनले अगाडि उल्लेख गरेका छन्, ‘एक आम नागरिकले राज्यसँग गरेको अपेक्षा र पाएको उपेक्षालाई चित्रण गर्ने कोशिश गरेका हौं ।

मलाई लागेको यत्तिको विषय त हामीले टेलिभिजन कार्यक्रमहरुमा हेर्दै आएको होइन र ? पत्रपत्रिकाहरुमा त्यसबारे लेखिंदै र पढिदै आएको होइन र ? छर्लङ्गै देखिएको विषय होइन र ? स्वीकारिएको विषय होइन र ?’

दुई दिनअघि युट्युबमा सार्वजनिक ‘पीर’ बोलको गीत सार्वजनिक भएसँगै केही विवाद सिर्जना भएको हो । खासगरी नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरु यो गीतविरुद्ध खनिएका छन् । खासगरी पूर्वमाओवादी छापामार देशव्यापारमा संलग्न भएकोदृश्यप्रति उनीहरुले आपत्ति जनाएका छन् । -अनलाईनखबर

## बैंकहरुले ठप्प बनाए ऋण लगानी




काठमाडौं/लगानी योग्य रकम (तरलता) अभाव समस्या समाधान नभएपछि बैंकहरुले कर्जा लगानी ठप्प बनाएका छन् । पछिल्लो एक सातामा बैंकहरुको कर्जा लगानी एक अर्बले घटेको छ ।

अधिकांश बैंकहरु आफै कर्जा दिनै नसक्ने अवस्थामा पुगेका छन् भने थोरै दिन सक्ने बैंकहरुले समेत कर्जा लगानी रोकेका छन् । बैंकहरुले कर्जाको नयाँ निवेदन नै लिनछाडे पछि कर्जा लगानी घटेको छ ।

नयाँ लगानी रोकिएको र पुरानो थोरै उठेकाले एक सातामा एक अर्ब रुपैयाँले ऋण घटेको बैंकर्स संघका कार्यकारी निर्देशक अनिल शर्माले जानकारी दिए । उनका अनुसार २० फागुनसम्म २७ वाणिज्य बैंकहरुको कुल कर्जा लगानी ४१ खर्ब ७० अर्ब रुपैयाँ थियो । २७ फागुनसम्म कर्जा लगानी घटेर ४१ खर्ब ६९ अर्ब रुपैयाँमा झरेको बैंकर्स संघले बताएको छ । कर्जा लगानी ठप्प हुँदा बैंकहरुको निक्षेपमा भने झिनो सुधार देखिएको छ ।

एक साताको अवधिमा जम्मा २ अर्ब रुपैयाँले मात्रै निक्षेप बढेको संघले जनाएको छ । संघले दिएको जानकारी अनुसार २० फागुनसम्म बैंकहरुमा ४३ खर्ब २४ अर्ब रुपैयाँ निक्षेप रहेकोमा २७ फागुसम्म बढेर ४३ खर्ब २६ अर्ब रुपैयाँ पुगेको छ ।

-साभार: अनलाईनखबर

## सीमा अतिक्रमण रोक्न नेकपाको माग



काठमाडौं/नेपाल कम्युनिष्ट पार्टी (नेकपा विप्लव)ले दार्चुलाको पारी नेपाल भारत सिमानामा भारतीय सिमा सुरक्षा बलले सिमा मिचेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सोमबार पार्टी प्रवक्ता खड्कबहादुर विश्वकर्मा प्रकाण्डले विज्ञप्ति जारी गर्दै दार्चुलाको वाङ्गाबगड र विरेन्द्र वन इलाकामा भारतीय सिमा सुरक्षा बलले भारतीय सिमाना भन्दा ८ देखी १० मिटर नेपाली भु-भागलाई मिचेर तटवन्द गर्न थालेको घटना प्रति पार्टीको गम्भिर ध्यानाकर्षण भएको जनाएको हो । भारतीय सरकारले गरेको सिमा अतिक्रमणको नेकपाले भ्रर्त्सना गरेको छ ।

नेकपाले दुई देशको सिमाना सम्वन्धी अन्तर्राष्ट्रिय कानुन विपरित नेपाली भुमि अतिक्रमण गरेको र तटबन्धबाट महाकाली नदी जोखिममा परेको भन्दै नेकपाले वदनियतपूर्ण कार्यलाई तुरुन्त रोक्न भारतलाई चेतावनी दिएको छ ।

यस्तै नेकपाले महाकाली नदीमा भारतले गरेको अतिक्रमणलाई रोक्न कुटनीतिक पहल गर्न सरकारसंग माग गरेको छ ।

-साभार: रातोपाटी

## बर्डफ्लु : काभ्रेमा नमूना संकलन र निगरानी



काभ्रे/छिमेकी जिल्ला भक्तपुरको सूर्यविनायक नगरपालिका-१० को तीन स्थानमा शनिबार बर्डफ्लु भेटिएपछि काभ्रेपलाञ्चोकमा थप नमूना संकलन र निगरानीलाई निरन्तरता दिइएको छ ।

महिनाअघि संघीय राजधानी काठमाडौंमा बर्डफ्लु भेटिएलगत्तै पूर्वीनाकाका रुपमा रहेको यो जिल्लामा उच्च सतर्कता अपनाउन विभिन्न गतिविधि गर्दै आइएको छ ।

जिल्लास्तरीय प्राविधिक समितिको बैठकले सबै स्थानीय तहलाई पशुपक्षीपालक कृषक तथा व्यवसायीलाई सजगता अपनाउन यससम्बन्धी विविध गतिविधि गर्न आग्रह गरेको छ ।

‘सबै स्थानीय तहमा निगरानीका कामलाई गम्भीरतापूर्वक लाग्न आग्रह गरिएको छ,’ प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले भने । उनका अनुसार काठमाडौं र छिमेकी जिल्ला भक्तपुरमा बर्डफ्लु भेटिएपछि उपत्यकाको पूर्वी सीमानाका साँगामा रात्रिकालीन अवस्थामा परीक्षण व्यवस्थापनका लागि थप जनशक्ति व्यवस्थित गरी उच्च सतर्कता अपनाइएको छ ।

साँगामा चौबिसै घण्टा पशुपक्षीजन्य आयात-निर्यातमा सतर्कता अपनाउँदै नमूना संकलन तथा निगरानी बढाइएको जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । साथै, संक्रमण रोकथामका लागि व्यवसायीसँग विशेष छलफल गर्न स्थानीय तहलाई समन्वय गर्न आग्रह गरिएको केन्द्रका प्रमुख राजकुमार हुमागाईंले बताए ।

हुमागाँईका अनुसार जिल्लाको दक्षिण-पूर्वी नाका विपी राजमार्गअन्तर्गत रोशी गाउँपालिकाको मंगलटारमा पक्षीजन्यको जाँच केन्द्र स्थापना गरिएको छ भने जिल्लाअन्तर्गत राजमार्ग जोडिने अन्य नाकामा निगरानी अपनाइएको छ ।

जिल्लाको विभिन्न स्थानमा बर्डफ्लुको नमूना संकलन तथा परीक्षण गरिएकामा आइतबार सम्मको परीक्षणमा सबैको नेगेटिभ रिपोर्ट आएको केन्द्रले जनाएको छ । केन्द्रले निगरानी बढाउँदै नमूना संगलन तथा परीक्षणलाई निरन्तरता दिइरहेको हुमागाईंले बताए ।

जिल्लाको १३ स्थानीय तहमध्ये बनेपा र पनौती नगरपालिकाले संक्रमण रोकथामका लागि व्यवसायीसँग विशेष छलफल र सचेतना कार्यक्रम गरिसकेका छन् । गत माघ १६ गते मोरङको दुई स्थानमा देखिएको बर्डफ्लु संक्रमण त्यसयता चितवन र राजधानी काठमाडौं तथा उपत्यकाको भक्तपुरमा समेत देखिएको थियो ।

-साभार: रातोपाटी

## विदेशबाट आयातित कापीमा भन्सार वृद्धि गर्न माग



चितवन/विदेशबाट आयात गरिएका कापी तथा स्टेशनरी सामग्रीको भन्सारदरमा वृद्धि गर्न नेपाली उद्योगीहरुले माग गरेका छन् । विदेशबाट ल्याएका विदेशबाट आयात गरिएका कापी तथा स्टेशनरी सामग्रीमा भन्सारदर कम हुँदा नेपालमा रहेका उद्योगीलाई मार परेको भन्दै आयातित कापीमा भन्सार वृद्धि गर्नुपर्ने माग उनीहरुको रहेको छ ।

शनिबार नेपाल मसलन्द तथा शैक्षिक सामग्री उद्योग महासंघको चौथो बैठकमा सहभागी उद्योगी व्यवसायीले यस्तो माग गरेका हुन् । भारत तथा अन्य मुलुकबाट आउने तयारी कापी तथा स्टेशनगरीजन्य सामग्रीको भन्सार दर र कच्चा पदार्थको दर नजिक हुँदा प्रतिष्पर्धा गर्न नसकिने र त्यसको सीधा असर नेपालका उद्योगीलाई पर्ने हुँदा भन्सार वृद्किो माग गरिएको महासंघका अध्यक्ष हरि भण्डारीले बताए ।

भण्डारीले आयातित तयारी सामग्रीको भन्सार दर ३५ प्रतिशत बनाउनुपर्ने माग गरे । कच्चा पदार्थमा भएको अस्वाभाविक मूल्यवृद्किो कारणले कापी तथा स्टेशनगरी सामग्रीको मूल्य वृद्दि गर्नुपर्ने बाध्यता भएको बताए । महासंघका पूर्वअध्यक्ष सुनील गोपाल श्रेष्ठले विदेशमा पल्पको भन्सारदर शून्य रहेको तर नेपालमा यसको भन्सार दर पनि लाग्ने भएकाले स्वेदशी कागज उद्योग फस्टाउन नसकेको बताए । महासंघका केन्द्रीय सदस्य गोपाल गैरेले स्वदेशी उद्योगलाई सरकारले प्रोत्साहन गर्ने र बचाउने हो भने आयातित मुद्रित सामग्रीमा भन्सार दर वृद्धि गर्नुपर्ने बताए ।

उनले सरकारले पटक पटक नीति परिवर्तन गरिदिंदा समस्यामा परेको गुनासो गर्दै स्वदेशी उत्पादन रिसाइकल गर्नुपर्दा ७० करोडरुपैयाँ बराबरका कापीजन्य उत्पादन कवाडीको भाउमा बेच्नुपरेको बताए । सरकारले असारमा खरिद खाता र बिक्री खाताको फर्म्याट परिवर्तन गरेका कारण समस्यामा परेको बताए । उनले त्यसका कारण ७० करोड बराबरका सामग्री कवाडीको भाउमा बेच्नुपरेको बताए । सरकारले नीति परिवर्तन गर्दा उद्योगीलाइ समय दिनुपर्ने बताए । नेपालमा अहिले वार्षिक एक लाख ३५ हजार मेट्रिक टन कापीजन्य उत्पादनको माग छ । -साभार: बाह्रखरी

# रुसको कदमले अन्तरिक्षमै अड्किन सक्छन् अमेरिकी अन्तरिक्षयात्री

काठमाडौं/युक्रेनमा जारी रुसी हमलाको कडा निन्दा गर्दै रुसमाथि विभिन्न खाले प्रतिबन्ध लगाएको अमेरिकाले युक्रेनलाई सहयोग गरेवापत ठूलो मूल्य चुकाउनु पर्ने हुनसक्छ । रुसी स्पेस एजेन्सी रसकसमसका प्रमुखले अमेरिकी अन्तरिक्षयात्रीलाई स्पेस स्टेसनमै छाडिदिने वा स्पेस स्टेसनलाई नै दुर्घटना गराएर पृथ्वीमा खसालिदिने सम्मको धम्की दिएका छन् ।

हाल अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा रहेका अमेरिकी अन्तरिक्ष यात्री ५२ वर्षीय मार्क भन्दे हेइ रुसी सोयुज यानबाट आगामी मार्च ३० मा पृथ्वीमा फर्किने कार्यक्रम छ । उनीसँगै अरु दुईजना रुसी अन्तरिक्षयात्री पनि पृथ्वीमा फर्किनेछन् ।

तर रुसी स्पेस एजेन्सी रसकोमसका प्रमुख दिमित्री रोगोजिनले ती अमेरिकी अन्तरिक्षयात्रीलाई या त अन्तरिक्षमै छाडिदिने या स्पेस स्टेनलाई नै पृथ्वीमा खसालिदिने चेतावनी दिएको डेलीमेलले उल्लेख गरेको छ । रुसी चेतावनीले ठूलै त्रास उत्पन्न भएको छ । डेलीमेलसँग कुराकानी गर्दै अमेरिकी अन्तरिक्षयात्री हेइकी आमाले त्यस्तो धम्की निकै भयानक भएको बताएकी छिन् । आफूले पहिलोपल्ट त्यस्तो धम्कीका बारेमा थाहा पाउँदा निकै रोएको र त्यस्तो नहोस् भनेर प्रार्थना गरिरहेको उनी बताउँछिन् ।

स्मरण रहोस् हेइ ३ सय ५५ दिनको अन्तरिक्ष स्टेसन बसाइपछि पृथ्वीमा फर्किन लागेका हुन् । यसअघि कुनै पनि अमेरिकी अन्तरिक्षयात्रीले यतिलामो समय अन्तरिक्ष बिताएका थिएनन् । तर रुसी राष्ट्रपति भ्लादमिर पुटिनका सहयोग रोगोजिनले ट्वीटरमा एक भिडियो सार्वजनिक गरेर तहल्का मच्चाइदिएका छन् । उनले मार्क भन्दे हेइलाई अन्तरिक्षमै छाडिदिने र स्पेस स्टेसनबाट रुसी हिस्सालाई निकाल्ने बताएका छन् । जसका कारण स्पेस स्टेसन पृथ्वीमा खस्नेछ । युक्रेनमाथिको आक्रमण पश्चात् रुसविरुद्ध अमेरिकाले लगाएका प्रतिबन्धले रुसका अन्तरिक्ष उड्ययन उद्योग तथा अन्तरिक्ष कार्यक्रमहरुमा क्षति पुग्ने देखिएसँगै रुस क्रुद्ध बनेकोहो । रोगोजिनले भनेका छन्- के तिमीहरू इन्टरनेसनल स्पेस स्टेसनमा हाम्रो सहयोग अन्त्य गर्न चाहन्छौं ? यदि यस्तो हो भने स्पेस स्टेसनलाई अनियन्त्रित भएर अमेरिका र युरोपमा खस्नबाट कसले बचाउँछ ? रोगोजिनका अनुसार अमेरिकाले लगाएका गैरकानुनी प्रतिबन्धका कारण ५०० टन तौलको स्पेस स्टेसन दुर्घटना भएर पश्चिमी देशमाथि खस्नेछ ।

रुसले अन्तरिक्षमै छाडिदिने धम्की दिएका अमेरिकी अन्तरिक्षयात्री हेइकी आमाले अन्तरिक्षको संवदनशील मामिलामा भएको राजनीतीकरण लज्जाको विषय भएको बताउँछिन् । हेइकी पत्नी यो चर्चाबाट निकै चिन्तित छिन् । उनका लागि यो निकै कठिन समय हो । आफ्नो छोराको अन्तरिक्षयात्राका बारेमा स्मरण गर्दै उनले सन् २०१७ मा आफू पहिलोपल्ट पति टमसँगै कजाखस्तान आएको र त्यतिबेला छोरा हेइ पहिलोपटक ६ महिनाका लागि स्पेस स्टेसन प्रस्थान गरेको उनी बताउँछिन् । उनका अनुसार त्यो बेला विभिन्न देशहरूले अन्तरिक्षमा एकसाथ मिलेर काम गरेका थिए । त्यस्तो दृश्य अद्भूत थियो । ती सबै वैज्ञानिक तथा अन्तरिक्षयात्रीसँग हेइको सम्बन्ध राम्रो थियो । आफ्नो छोरा यस्तो धम्कीले नडराउने हेइका बुवा बताउँछन् ।

रुसका सबै अन्तरिक्षयात्री निकै सहयोग रहेको उनको अनुभव छ । रुसी धम्कीपछि विश्वका नम्बर वान धनाढ्य तथा स्पेस एक्स कम्पनीका प्रमुख एलन मस्कले अमेरिकी अन्तरिक्षयात्रीलाई बँचाउने प्रस्ताव अगाडि सारेका छन् ।

उनका अनुसार यदि रुसले मार्क हेइलाई अन्तरिक्षमा छाडेमा स्पेस एक्स रकेट पठाएर उनलाई बचाइनेछ । उता नासाले भने पूर्वनिर्धारित कार्यक्रम अनुसार मार्च ३० मा मार्क हेइ पृथ्वीमा फर्किने विश्वास व्यक्त गरेको छ ।

*-साभार: अनलाईनखबर*

## लाइसेन्स हराएको सूचना

मेरो निम्न व्यहोराको लाइसेन्स २०७८ फागुन ७ गते बुद्धचोकबाट राप्तीरोड जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम**: अभिषेक खनाल
**ठेगाना**: हेटौंडा-१२, मकवानपुर
**लाइसेन्स नम्बर**: ०६-५३४१९४
**फोन**: ९८४५२७०४३५

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मकवानपुरसँग नुवाकोट पराजित

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत् हेटौंडामा जारी फटबुलमा सोमबार मकवानपुरले नुवाकोटलाई पराजित गरेको छ ।

३-० गोल अन्तरले नुवाकोटलाई हराउँदै मकवानपुर प्रतियोगिताको क्वार्टरफाइनलमा पुगेको छ । पहिलो हाफमा कुनै टिमले खाता खोल्न सकेनन् । खेलको ६० औं मिनेटमा मकवानपुरका समीरराज थोकरले गोल गर्दै अग्रता दिलाए । खेलको ७८ र ८३ औं मिनेटमा सुदीप सापकोटाले थप दुई गोल गर्दै मकवानपुरलाई फराकिलो गोल अन्तरले बिजयी गराउन सफल भए ।

हेटौंडा-५, क्याम्पा र ंगशालामा भएको खेलमा रामेछापले सिन्धुपाल्चोकलाई पराजित गरेको थियो । खेलको निर्धारित समयमा गोल नभएपछि ट्राइबेकरमा ४-२ गोल अन्तरले रामेछाप बिजयी भएको हो । मंगलबार दुई वटा खेल हुनेछन् । पहिलो खेल सिन्धुली र काठमाडौंबीच तथा र दोस्रो खेल भक्तपुर र रसुवाबीच हुने फुटबल खेल संयोजक कल्पना शर्माले जानकारी दिइन् । नक आउट चरणमा खेलाइएको प्रतियोसगितामा बागमतीका १३ जिल्ला सहभागी छन् ।

यसैगरी, हेटौंडामै भएको पुरुषतर्फको ब्याडमिन्टन खेलमा चितवन र ललितपुर फाइनल प्रवेश गरेका छन् । सोमबार बिहान भएको सेमिफाइनल जित्दै चितवन र ललितपुर फाइनल प्रवेश गरेका हुन् । चितवनले सिन्धुलीलाई ३-० र ललितपुरले धादिङलाई ३-० अंकले पराजित गर्दै फाइनल प्रवेश गरेको ब्याडमिन्टन अफिसियल रामविनय श्रेष्ठले बताए । फाइनल खेल मंगलबार हुनेछ । महिलातर्फ धादिङ र सिन्धुपाल्चोक फाइनल प्रवेश गरेका छन् । सेमीफाइनलमा धादिङले ललितपुरलाई ३-२ र सिन्धुपाल्चोकले नुवाकोटलाई ३-२ अंकले पराजित गर्दै फाइनल यात्रा तय गरेको हो ।



नुवाकोटसंग प्रतिस्पर्धा गर्नुपूर्व सामूहिक तस्वीर खिचाउँदै मकवानपुर जिल्ला फुटबल टिम । *तस्वीर: साझाकुरा*

## प्रथम बागमती प्रदेश खेलकुद प्रतियोगिता

त्यस्तै, चितवनको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको महिला क्रिकेट खेलमा काठमाडौं बिजयी भएको छ । टस जितेर ब्याटिङ गरेको भक्तपुरले १७ दशमल ३ ओभर खेलेर ४१ रन बटुलेको थियो । काठमाडौंले विकेट नगुमाई २ दशमलव ३ ओभरमा टारगेट पूरा गरी बिजयी भएको हो । दोस्रो खेल काठमाडौं र चितवनबीच भएको थियो । टस जितेर चितवनले बलिङ रोजेको थियो । काठमाडौंले २ विकेट गुमाएर एकसय ८३ रन बनाउँदै चितवनलाई विशाल लक्ष्य दिएको थियो । चितवनले सबै विकेटको क्षति व्यहोर्दै १७ दशमलव १ ओभरमा ६१ रन बनाएको थियो । मंगलबार चितवन र भक्तपुरबीच खेल हुनेछ ।

मकवानपुरमा चैत ५ गतेबाट तेक्वान्दो प्रतियोगिता सुरु हुनेछ । सिन्धुपाल्चोकमा चैत ७ गतेबाट कराते, काठमाडौंमा चैत ६ गतेदेखि एथ्लेटिक्स प्रतियोगिता हुने परिषद्ले जनाएको छ । त्यस्तै, काभ्रेमा भने चैत ७ गतेदेखि महिला फुटबल र ९ गतेदेखि बक्सिङ खेल प्रतियोगिता हुने सदस्य सचिव सूर्यलाल भण्डारीले जानकारी दिए । प्रतियोगिता १२ चैतसम्म हुनेछ ।

# डानको प्रदेश संयोजकमा कँडेल

साझाकुरा संवाददाता

हेटौंडा, ३० फागुन/ डेमोक्रेटिक एग्रिकल्चरिष्ट एसोसिएसन नेपाल (डान)को बागमती प्रदेश संयोजन समितिको संयोजकमा झलकनाथ कँडेल चयन भएका छन् ।

आइतबार हेटौंडामा भएको एसोसिएसन बागमती प्रदेशको प्रथम भेलाले कँडेललाई प्रदेश संयोजन समितिको संयोजकमा चयन गरेको हो । समितिको सहसंयोजकमा जीवन लामिछाने, सचिवमा डा. सन्दीप सिलवाल, कोषाध्यक्षमा प्रकाश दुवाडी चयन भएका छन् । यस्तै बागमती प्रदेश प्रथम भेलाले सदस्यहरुमा स्वस्तिका चौहान, शर्मिला सुवेदी र शोभित खनाललाई चयन गरेको छ ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको प्रमुख अतिथ्यतामा भएको भेलामा संयोजक कँडेलले डानले प्रदेशमा गरेका विभिन्न गतिविधि, संगठन र संजाल बिस्तार, समृद्ध कृषि नामक म्यागेजिन प्रकाशन, कृषि तथा वन विश्वविद्यालयका विद्यार्थीहरुसँग क्षमता अभिबृद्धि कार्यक्रम, विषयगत तथा नीतिगत बहस तथा छलफल गर्दै आएको जानकारी गराएका थिए ।

कार्यक्रममा बागमती प्रदेशका उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री रजनी अमात्य जोन्छे, कांग्रेस प्रदेश महामन्त्री कन्चन बादे, कृषि तथा वन विश्वविद्यालय चितवनका डा. सूर्यकान्त घिमिरे, डानका केन्द्रीय अध्यक्ष कौशलकुमार शर्मा, कांग्रेस मकवानपुरका सभापति बुद्ध लामालगायत डानका केन्द्रीय पदाधिकारी, आजीवन सदस्य तथा कांग्रेसनिकट कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# बकैयामा एकसय ४७ जना कांग्रेस प्रवेश

हेटौंडा, ३० फागुन/ मकवानपुरको पूर्वी क्षेत्र बकैया-४ वडामा एमाले, माओवादी केन्द्र र राप्रपा छाडी एकसय ४७ जना नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेका छन् ।

कांग्रेस प्रतिनिधिसभा १ प्रदेशसभा (क) का सभापति सुशान्त श्रेष्ठको सभाध्यक्षता एवम् बागमती प्रदेश सभापति तथा कांग्रेस बागमती प्रदेश संसदीय दलाका नेता ईन्द्रबहादुर बानियाँको प्रमूख आतिथ्यतामा सोमबार गाउँपालिको हात्तिसुँडेमा भएको संयुक्त पार्टी कार्यालय उद्घाटन तथा पार्टी प्रवेश कार्यक्रममा एकसय ४७ जना नेपाली कांग्रेसमा प्रवेश गरेका हुन् ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि बानियाँले कांग्रेस भीडको पछाडि हिँड्ने नभै नियन्त्रण गरेर राम्रो र सही ठाउँमा अन्य दलहरुसमेतसँगै लिएर हिँड्ने बताए । नेता बानियाँले कम्युनिष्टहरु एमसीसीको बारेमा जनतालाई गलत भ्रम सूचना दिएर गरिब, विपन्न र विकासोन्मुख देशलाई विदेशी शक्ति राष्ट्रले दिएको सहयोगमा खेल्दै जनतालाई झन् विपन्न र गरिब बनाई राजनीति गर्ने पार्टी भएकाले कम्युनिष्टहरुबाट देशमा कहिल्यै जनताको समृद्धि नआउने बताए ।

सोमबार विहान कांग्रेस बागमती प्रदेश कार्यालयमा भएको पार्टी प्रवेश कार्यक्रममा नेकपा एमालेबाट साविक बुढीचौरको वडा अध्यक्षबाट निर्वाचित जुलाफसिं रुम्बासहित ३ जना नेपाली कांग्रेसमा प्रवेश गरेका थिए ।

# रानी वनले बनायो गोलघर

हेटौंडा, ३० फागुन/ हेटौंडा-६, चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहले गोलघर निर्माण गरेको छ ।

मकवानपुरगढी-३ मक्रान्चुलीमा गोलघर निर्माण गरिएको हो । समूहको चालु आव २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार गोलघर निर्माण गरेको समूहले जनाएको छ । बाटोमा हिँड्ने बटुवा, गाउँपालिका र वडा कार्यालयमा आउने सेवाग्राही, दुग्ध सहकारीमा दूध लिएर आउने किसानसमेतलाई सेवा दिने उद्देश्यसाथ गोलघर निर्माण गरिएको समूह अध्यक्ष विष्णुप्रसाद न्यौपानेले बताए ।

गोलघर बनाउन करिब एकलाख ५० हजार खर्च लागेको गोलघर निर्माण उपसमितिका संयोजक शत्रुघ्न दुलालले बताए । यसअघि समूहले चौघडा, शान्तिटोल र मक्राञ्चुलीको फुटसल क्षेत्रमा गोलघर निर्माण गरिसकेको कार्यालय सचिव भीमसेन पौडेलले जानकारी दिए ।

# नवोदय शिशु सदनमा म्याथ क्याम्प फायर

हेटौंडा, ३० फागुन/ नवोदय शिशु सदन माविका विद्यार्थीले म्याथ क्याम्प फायरको आयोजना गरेका छन् ।

अन्तर्राष्ट्रिय पाइ डेको अवसरमा सोमबार उनीहरुले गणित विषयको प्रयोग र अभ्यास गरेर गणित विषयको महत्व बुझाउन म्याथ क्याम्प फायरको आयोजना गरेका हुन् । विद्यालयले म्याथ क्लब नै गठन गरेर गणितसम्बन्धी विभिन्न क्रियाकलाप गर्दै आएको छ । १६ वटा समूहले गणितसम्बन्धी अभ्यास गरेर आफ्ना अनुभव र बुझाई प्रस्तुत गरेका थिए ।

एउटा समूहमा बढीमा ७ जना विद्यार्थी सम्मिलित भएर अभ्यास गरेको विद्यालयले जनाएको छ । विद्यार्थीले माना, पाथी, करुवा, घर, पर्खालगायत विभिन्न वस्तुमा रहने गणितीय पक्षको विश्लेषण गरेका थिए । नवोदय शिशु सदन माविको म्याथ क्लबकी संयोजक एवम् शिक्षक अनु श्रेष्ठका अनुसार विद्यार्थीलाई गणित विषय बुझाउन मौलिक एवम् परम्परागत सामग्रीलाई गणितीय मानकमा बुझन र बुझाउन खोजिएको छ ।

# प्रदेश प्रमुखले गरे 'सेन्टर फर अटिजम' अवलोकन

हेटौंडा, ३० फागुन/ बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले सोमबार हेटौंडा-४, कर्रास्थित अटिज्म भएका बालबालिका अध्ययन गर्ने सिकाई केन्द्र 'सेन्टर फर अटिज्म'को अवलोकन गरेका छन् ।

अवलोकनका क्रममा प्रदेश प्रमुख शर्माले अटिज्म सन्तानका आमाबाट संचालन आरम्भ भएको सेन्टरलाई सफलताको कामना गर्दै यस कार्यबाट आफू प्रभावित बनेको बताए । 'अटिज्म भएका बालबालिकालाई ध्यान दिएर यहाँहरुले संचालन गर्नुभएको सेन्टरले सफलता प्राप्त गरोस् ।' प्रमुख शर्माले भने, 'यसबाट अटिज्म भएका बालबालिकाको सिकाई तथा विकास अभिबृद्धि भई सक्षम नागरिक तयार गराउन सघाउ पुग्नेछ भन्ने आशा लिएको छु ।' सेन्टरमा हाल अटिज्म भएका ३ देखि १० वर्षका १३ जना बालक छन् ।

विहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म उनीहरुलाई आवश्यकता अनुसार सिकाई तथा थेरापी पद्दतीबाट उपचार गराइने सेन्टरकी संयोजक अस्मिता कालिका थपलियाले जानकारी दिइन् । अहिले भाडाको घरमा संचालन गरिएको सेन्टरको संयोजक थपलिया, निशला श्रेष्ठ र उमा पौडेलले व्यवस्थापन गरिरहेका छन् । एक जना अकुपेसनल थेरापिस्ट तथा अन्य ८ जना शिक्षक गरी ९ जना कर्मचारीको पारिश्रमिक तथा अन्य आवश्यक व्यवस्थापन उनीहरुले गरिरहेका छन् ।

आफ्नै बच्चाको सिकाई तथा उपचार हुनाका साथै समुदायका अन्य अटिज्म बालबालिकालाई लाभ पुगिरहेको सेन्टरका सचिव शेखर थपलियाले बताए ।

गतवर्ष चैतबाट संचालित सेन्टरलाई अझै व्यवस्थित एवम् प्रभावकारीरुपमा संचालन गराउन सहयोगीको खाँचो रहेको थपलियाले बताए । धेरैलाई अटिज्म के-कस्तो खालको रोग हो भनेर जानकारी समेत नहुने भएकाले यसबारेमा अभिभावकहरु जानकार हुनु आवश्यक रहेको उनी बताउँछन् । यो विशेषगरी बच्चाहरुलाई लाग्ने एक प्रकारको मानसिक रोग भएकाले यसतर्फ सचेत हुनुपर्ने उनी बताउँछन् । बच्चाको सही तरिकाले मानसिक बृद्धि र विकाससमेत हुन नपाउने रोगबाट उनीहरुलाई सामान्य अवस्थामा ल्याई विद्यालयमा पढ्न जानसक्ने बनाउँन आफूहरुले सेन्टर सञ्चालन थालेको सचिव थपलियाको भनाइ छ ।

सेन्टरमा कार्यरत् अकुपेसनल थेरापिस्ट डा. श्रमिका श्रेष्ठ अटिज्म भएका बालबालिकाको थेरापीबाट उपचार, शिक्षण सिकाईका साथै बालबालिकालाई जीवनशैली सिकाउने कार्यसमेत गरिएको बताउँछिन् ।

अटिज्म भएका व्यक्तिको लागि सबैभन्दा प्रभावकारी उपचार उनीहरुमा रहेको कमजोरी पक्ष अर्थात् सञ्चार र सामाजिक बुझाईलाई ध्यानमा राखी व्यावहारिक सिद्धान्तको आधारमा शिक्षा प्रदान गर्नु रहेको उनी बताउँछिन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरु:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

कर्मचारी आवश्यकता
**शुभलक्ष्मी प्रिन्टिङ्ग प्रेस**को लागि कम्प्युटर अपरेटर आवश्यकता परेको हुनाले ईच्छुक महानुभावले सम्पर्क गर्नुहोला ।
**योग्यता:** S.L.C. वा +२ पास गरेको ।
कम्प्युटर In Design चलाउन जान्नेको लागि प्राथमिकता दिइनेछ ।
**तलब:** आपसी समझदारीमा तय गरिनेछ ।
**सम्पर्क:**
९८६५०८९६९२, ०५७-५२४४५५

पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)


डबल ब्ल्याक खाजा
स्वादिष्ट परिकारहरु:
☞बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
☞चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
☞बफ सुकुटी र छोयला
☞हल्का पेय पदार्थ
☞भेज चाउमिन



ओपाज
कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।
डबल ब्ल्याक खाजा
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

www.sajhakuranews.com
साझाकुरा
"तपाईं, हामी सबैको कुरा"
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।






गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

स्वास्थ्यको लागि खेलकुद, राष्ट्को लागि खेलकुद
प्रदेशकै सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हेटौंडामा
यही फागुन २८ गतेबाट सुरु हुन गइरहेको प्रथम प्रदेश खेलकुद प्रतियोगिता हेर्न क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा जाऔं ।
खेलहरु : फुटवल, भलिवल, क्रिकेट, तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स र ब्याडमिन्टन
सञ्चालन हुने खेलहरु र खेलस्थल
१. **मकवानपुर:** पुरुष फटुबल- मिति २०७८/११/२९ देखि
तेक्वान्दो: मिति २०७८/१२/०५ देखि
ब्याडमिन्टन: २०७८/११२९ देखि
२. **चितवन:** भलिबल- २०७८/११/३० देखि
क्रिकेट: २०७८/११/३० देखि
३. **सिन्धुपाल्चोक:** कराते- २०७८/१२/०७ देखि
४. **काठमाडौं:** एथलेटिक्स- २०७८/१२/०६ देखि
५. **काभ्रेपलाञ्चोक:** महिला फुटबल- २०७८/१२/०७ देखि
बक्सिङ- २०७८/१२/०९ देखि
**उद्घाटन समारोह स्थान :** क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा
**समय :** यही फागुन २८ गते अपरान्ह ४ बजे
**उद्घाटन कार्यक्रमको आकर्षण :** राष्ट्रिय कलाकारहरुको प्रस्तुती, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र पहरीको प्रर्दशन, तीन सय बढी विद्यार्थीहरुद्धारा ड्रिल कार्यक्रम तथा आताँशवाजीको मज्जा लिन सकिने ।
**सहभागी जिल्लाहरु:** बागमती प्रदेशका १३ जिल्ला
आयोजक
प्रदेश खेलकुद विकास परिषद
बागमती प्रदेश



खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना